# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, साउन १२ गते २०६२ साल (अतिरिक्ताङ्क २७ (क+३)

## भाग ४

### श्री ५ को सरकार
### महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०६२।४।१२ को निर्णयानुसार राष्ट्रिय महिला आयोगको स्थापना र गठन सम्बन्धमा देहायको व्यवस्था गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. <u>राष्ट्रिय महिला आयोगको स्थापना</u> : (१) श्री ५ को सरकारले महिलाको हक हित तथा अधिकारको संरक्षण गरी देश विकासमा महिलाको सक्रिय सहभागिता गराउने उद्देश्यले राष्ट्रिय महिला आयोग (यसपछि "आयोग" भनिएको) को स्थापना गरेको छ ।

(२) आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

२. <u>आयोगको गठन</u> : (१) श्री ५ को सरकारले देहाय बमोजिमका व्यक्तिहरु पदाधिकारी रहने गरी आयोगको गठन गर्नेछः-

(क) कुनै विषयमा स्नातक उपाधि प्राप्त गरेको र कम्तीमा सात वर्ष महिला हक हित तथा महिला विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका महिला मध्येबाट एक जना – अध्यक्ष

(ख) कम्तीमा पाँच वर्ष महिलाको हक हित र महिला विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका महिला मध्येबाट चार जना – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित कुराका अतिरिक्त आयोगको पदाधिकारीमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछ:-

(क) नेपाली नागरिक,

(ख) अध्यक्षको हकमा कम्तीमा चालीस वर्ष उमेर पूरा गरेको र सदस्यका हकमा कम्तीमा पैंतीस वर्ष उमेर पूरा गरेको,

(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको

(३) आयोगका पदाधिकारीको पदावधि नियुक्ति भएको मितिले बढीमा दुई वर्षको हुनेछ। निजहरुको पुन: नियुक्ति हुन सक्नेछ।

(४) छ महिना वा सो भन्दा बढी पदावधि बाँकी छँदै कुनै पद रिक्त भएमा त्यस्तो पदमा सो बाँकी अवधिको लागि नियुक्ति गरिनेछ।

(५) आयोगको अध्यक्षको नियुक्ति पूरा समय काम गर्ने गरी गरिनेछ। आयोगमा रहुन्जेल निजले अन्यत्र कुनै काम गर्न पाउने छैन।

आयोगको काम, कर्तव्य र अधिकार: (१) महिला हक हित र अधिकारको संरक्षण र सम्वर्द्धन गरी महिला सशक्तिकरण, लैङ्गिक समानता, सामाजिक न्याय र राष्ट्रिय विकासको मूलप्रवाहमा महिला सहभागिता वृद्धि गराउने वातावरणको सृजना गराउनु आयोगको प्रमुख कर्तव्य हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न आयोगले देहाय बमोजिमको कार्य गर्न सक्नेछ :

(क) महिलाको हक हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गर्ने सम्बन्धमा श्री ५ को सरकारलाई परामर्श दिने,

(ख) महिलाको हक हितसंग सम्बन्धित कानून, अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी प्रभावकारी कार्यान्वियनका लागि श्री ५ को सरकारलाई सुझाव दिने,

(ग) महिलालाई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गर्नका लागि लागू गरिएका कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि श्री ५ को सरकारलाई सुझाव दिने,

(घ) सांस्कृतिक, सामाजिक र आर्थिक रुपमा लैङ्गिक समानताका लागि महिला अधिकारको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने,

(ङ) लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिलासंग सम्बन्धित कानूनी व्यवस्थाको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने,

(च) महिला विरुद्धका हिंसा, यौन दुराचार तथा सामाजिक कुरीतिका विरुद्ध जनचेतना अभिवृद्धि गराउने र त्यस्ता कार्यहरु विरुद्धको उजूरी लिई आवश्यक कारबाहीका लागि श्री ५ को सरकारको सम्बन्धित निकायमा लेखी पठाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) श्री ५ को सरकारले समय समयमा सुम्पेका अन्य कार्यहरु गर्ने ।

(३) आयोगले आफ्नो उद्देश्य प्राप्तिका लागि आवश्यक ठानेमा समिति, उपसमिति वा कार्यदलको गठन गर्न सक्नेछ । त्यसरी समिति, उपसमिति वा कार्यदलको गठन गर्दा त्यसको काम, कर्तव्य, कार्यावधि र सुविधा समेत तोक्नु पर्नेछ ।

(४) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये केही काम, कर्तव्य र अधिकार आवश्यकतानुसार कुनै समिति, उपसमिति वा कार्यदल वा आयोगको अध्यक्ष, सदस्य वा आयोगको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(५) आयोगले प्रत्येक वर्षको साउन मसान्त सम्ममा आफूले गत आर्थिक वर्षभित्र गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन सर्वसाधारणको जानकारीका लागि प्रचार, प्रसार गर्न सक्नेछ ।

४. आयोगको अध्यक्ष वा सदस्यको काम, कर्तव्य र अधिकार : (१) आयोगको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको बैठक बोलाउने र सो बैठकको अध्यक्षता गर्ने,

(ख) आयोगले गरेका निर्णय प्रमाणित गर्ने र कार्यान्वयन गराउने,

(ग) आयोगमा भएका सबै किसिमका काम कारबाहीहरु प्रति आयोगको प्रमुखको रुपमा जिम्मेवारी वहन गर्ने,

(घ) आयोगले तोकेका अन्य कार्यहरु गर्ने ।

(२) आयोगको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको बैठकमा भाग लिने,

(ख) आयोगले सञ्चालन गर्ने कार्यक्रमहरुको कार्यान्वयनका लागि कियाशील रहने,

(ग) आयोगले तोकेका अन्य कार्यहरु गर्ने ।

५. आयोगको बैठक र निर्णय : (१) आयोगको बैठक आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) आयोगको बैठकको अध्यक्षता आयोगको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा वा पद रिक्त भएको अवस्थामा आयोगका सदस्यहरु मध्येबाट वरिष्ठतम् सदस्यले कार्यवाहक अध्यक्षको रुपमा कार्यभार सम्हाल्नेछ ।

(३) आयोगको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(४) आयोगका तीन जना पदाधिकारी उपस्थित भएमा आयोगको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) आयोगको बैठक सम्बन्धी अन्य व्यवस्था आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. आयोगका पदाधिकारीहरुको सुविधा : आयोगका पदाधिकारीलाई श्री ५ को सरकारले तोके बमोजिमको सुविधा उपलव्ध हुनेछ ।

७. आयोगमा कर्मचारीको व्यवस्था : (१) श्री ५ को सरकारले निजामती सेवा तर्फ नेपाल प्रशासन सेवाको राजपत्रांङ्कित द्वितीय श्रेणी वा सो भन्दा माथिको राजपत्राङ्कित कर्मचारीलाई वा श्री ५ को सरकारले तोकेको व्यक्तिलाई आयोगको सचिवमा नियुक्ति गर्नेछ ।

(२) आयोगको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगको अध्यक्षको निर्देशनमा बैठक बस्ने व्यवस्था मिलाउने,

(ख) आयोगको बैठकको छलफलका विषय सूची बनाई आयोगका पदाधिकारीलाई समयमै उपलब्ध गराउने,

(ग) आयोगको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) आयोगको अध्यक्षको निर्देशनमा रही आयोगको अल्पकालीन वा दीर्घकालीन कार्यक्रमहरु तर्जुमा गरी आयोगको बैठकमा पेश गर्ने,

(ङ) आयोगको दैनिक प्रशासनिक तथा आर्थिक कार्य सञ्चालन गर्ने,

(च) आयोगले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) आयोगको दैनिक कार्य सञ्चालनको लागि श्री ५ को सरकारले स्वीकृत गरी दिएको दरवन्दी अनुसार कर्मचारीहरु रहनेछन् । सो दरवन्दीमा प्रचलित कानूनको अधीनमा रही आयोग आफैले पदपूर्ति गर्नेछ ।

८. श्री ५ को सरकारसंग सम्पर्क : आयोगले श्री ५ को सरकारसंग सम्पर्क राख्दा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

९. खारेजी र बचाउ : (१) भाग ३, खण्ड ५१, पूर्वातिरिक्ताङ्क ७२, मिति २०५८ साल फागुन २३ गतेको नेपाल राजपत्रमा प्रकाशित श्री ५ को सरकार, महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालयको सूचनाहरु खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लिखित सूचनाहरु बमोजिम भए गरेका काम कारबाही यसै बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले,**

**रवीन्द्रमान जोशी**

**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।